# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

फोन नं. ०१ - ५०१०१६५, ५०१०१६६, ५०१०१७८

**Website : www.epfnepal.com.np**


## सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

### कर्मचारी सञ्चय कोषबाट उपलब्ध सेवा-सुविधाहरु :

(क) **सञ्चय कोष र निवृत्तभरण कोष रकममा ब्याज प्रदान** : २०७८ श्रावण १ गते देखि **६.५० प्रतिशत**।

**(ख) मुनाफा प्रदान** : आ.व. २०७७/७८ मा आ.व. २०७६/७७ को खुद मुनाफाबाट आ.व. २०७६/७७ को शुरु सञ्चय कोष मौज्दातको आधारमा **१ प्रतिशत** प्रदान गरिएको।

(ग) **सापटी सुविधाहरु :**

- **विशेष सापटी** : कोषकट्टी खातामा जम्मा भएको रकमको ८० प्रतिशत सम्म (**ब्याजदर ७.६० प्रतिशत**)।
- **घर सापटी** : घर निर्माण गर्न, तला थप्न वा घर खरिद गर्न घर जग्गाको धितोमा अधिकतम **१५ वर्षको तलब** वा बढीमा रु.१ **करोड सम्म (ब्याजदर ७.९० प्रतिशत)**
- **शैक्षिक ऋण** : घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान्/श्रीमती/छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम **रु.१० लाख**, विदेशका लागि अधिकतम **रु.२० लाख** सम्म र **एम.बी.बी.एस./एम.डी.**को लागि **रु.२५ लाख** सम्म (**ब्याजदर ७.९० प्रतिशत**)
- **सञ्चयकर्ता सरल चक्रकर्जा** : घर जग्गाको धितोमा काठमाण्डौ उपत्यकाभित्र न्यूनतम रु.**५ लाख** र अधिकतम रु.**३० लाख** सम्म (**ब्याजदर ८ प्रतिशत**)
- **घर मर्मत सापटी** : घर मर्मत गर्न घर जग्गाको धितोमा अधिकतम **५ वर्षको तलब** वा रु.**२५ लाख** सम्म (**ब्याजदर ७.९० प्रतिशत**)

(घ) **सामाजिक सुरक्षा सुविधाहरु :**

- **दुर्घटना क्षतिपूर्ति योजना** : सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अंगभंग भएमा **रु.२ लाख**।
- **काजकिरिया अनुदान योजना** : सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.**४० हजार**।
- **सञ्चयकर्ता स्वास्थ्योपचार योजना** : सञ्चयकर्ता अस्पताल भर्ना भई उपचार गरेको **साधारण रोगमा रु. १ लाख** सम्म र **घातक रोगमा रु. १० लाख** सम्म।
- **सुत्केरी तथा शिशु स्याहार सुविधा** : प्रति प्रसूति रु.**७ हजार ५ सय**का दरले **बढीमा दुई पटक** गरी रु.१५ हजार।

### (ङ) अनलाइनमार्फत सुविधा प्रदान

- कोषले KYC अद्यावधिक भएका सञ्चयकर्तालाई **अनलाइनमार्फत विशेष सापटी** लिनसक्ने सुविधा कार्यान्वयन गरेको।
- सञ्चयकर्ताले कोषबाट लिएका विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा तथा घर मर्मत सापटीको साँवा तथा ब्याज connect IPS मार्फत् आफ्नो बैंक खाताबाट सोझै सञ्चय कोषको ऋण खातामा तिर्न सक्ने व्यवस्था गरिएको।
- महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) र कर्मचारी सञ्चय कोषले प्रयोग गरेको प्रणालीबीच सूचना आदानप्रदान गर्ने कार्य प्रारम्भ भई विद्युतीय प्रणालीमार्फत् फाँटवारी संकलन शुरु गरिएको। संघ र प्रदेश कार्यालयका स्थायी कर्मचारीहरुको तलबी विवरण तयार गर्दा नै अनिवार्य रुपमा कोषको परिचयपत्र नम्बरका आधारमा रुजु गरी सञ्चय कोष रकम पठाउन सकिने व्यवस्था गरिएको।
- कोषले सञ्चयकर्ताको व्यक्तिगत विवरण (KYC) अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा पुऱ्याएको। कोषको वेवसाईटमा उपलब्ध KYC फाराममा आफ्नो वास्तविक विवरणहरू भरी Submit गरे पछि प्राप्त हुने विवरण प्रिन्ट गरी कार्यरत कार्यालयबाट प्रमाणित गराई, कोषको परिचयपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपिसहित कोषको कार्यालयमा स्वयम् उपस्थित भई Biometric विवरण (हस्ताक्षर, औंठाछाप तथा फोटो) अद्यावधिक गर्ने गरिएको।
- सरकारी एवम् सार्वजनिक संस्थाका कर्मचारीहरुका लागि योगदानमूलक निवृत्तभरण रकम मासिक तलबबाट ६ प्रतिशत कट्टा गरी सोही अनुपातमा नेपाल सरकार वा सम्बन्धित संस्थाबाट थपिने गरी रकम सोझै विद्युतीय माध्यमबाट प्राप्त हुने गरी व्यवस्था गरिएको।

**कोषबाट उपलब्ध भइरहेका सम्पूर्ण सेवा-सुविधासम्बन्धी जानकारी कोषको वेवसाईटमार्फत् लिन सकिने छ।**